# लिखुपीके गाँउपालिकाको सार्वजनिक नीजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

## लिखु पिके गाँउपालिकाको कार्यालय,चौंलाखर्क ।

डम्बर बहादुर बस्नेत
अध्यक्ष

**लिखुपीके गाँउपालिकाको सार्वजनिक नीजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७**

**प्रस्तावना:** सार्वजनिक नीजि साझेदारीको माध्ययमबाट पूर्वाधार संरचना निर्माण तथा संचालन गरी सर्वसाधरणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा, सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ (१) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उफादफा (१) ले दिएको अधिकार प्रयोग गरी लिखुपीके गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "लिखुपीके गाँउपालिकाको सार्वजनिक नीजि साझेदारी ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन लिखुपीके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अनुमतीपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिईने अनुमतीपत्रलाई जनाउँदछ ।

(ख) "अनुमतीपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतीपत्र प्राप्त गर्ने व्यक्तिलाई जनाउदँछ ।

(ग) "इकाई" भन्नाले गाउँपालिकामा स्थापित भएको सार्वजनिक नीजि साझेदारी इकाईलाई जनाउँदछ ।

(घ) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिमको सेवा, सुविधा उपभोग गर्ने व्यक्ति वा समुदायलाई जनाउँदछ ।

(ङ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापना गर्ने कार्यलाई जनाउँदछ ।

(च) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा संचालन गर्न यस ऐन बमोजिम कार्यान्वयन गरिने योजना तथा कार्यक्रमलाई जनाउँदछ ।

(छ) "प्रस्तावक" भन्नाले दफा १२ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा १५ को उपदफा (३) बमोजिम निवेदन दिने व्यक्तिलाई जनाउदँछ ।

(ज) "पुनर्स्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वापुनर्निर्माण गरी पुनर्स्थापना गर्ने कार्यलाई जनाउँदछ ।

(झ) "पूर्वाधार संरचना" भन्नाले सडक, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाईन, केवुलकार लाईन, ट्रलिवस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन, विसौनी स्थल,प्रदर्शनी स्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, उर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, वहुउद्देश्यीय तथा बहुआवासीय भवन, सार्वजनिक चिस्यानघर वा सार्वजनिक गोदामघर निर्माण, सवदाह गृह सम्झनु पर्दछ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउदँछ ।

(ञ) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएको मनसाय पत्रलाई जनाउँदछ ।

(ट)"गाँउपालिका" भन्नाले लिखुपीके गाँउपालिकालाई जनाउदँछ।

(ठ) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसंग गरिएको सम्झौतालाई जनाउँदछ ।

(३) गाँउपालिकाले उपदफा (१) बमोजिम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ ।

६. **प्राथमिकता निर्धारण गर्नेः** (१) गाँउपालिकाले सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गरिने परियोजनाहरुको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजनाहरुको कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ :-

(क) भौतिक पूर्वाधार जस्तैः सडक, पुल, केबलकार, रोपवेको निर्माण क्षेत्र,

(ख) विद्युत उत्पादन, प्रसारण र वितरण तथा अन्य प्रकारका उर्जा क्षेत्र,

(ग) सूचना र संचारको विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(घ) फोहरमैला व्यवस्थापन, पिउने पानी, ढल निकास र सरसफाई जस्ता सहरी तथा ग्रामिण वातावरणको विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(ङ) शिक्षा, स्वास्थ्यको विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(च) पर्यटन क्षेत्रको विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(छ) सहरी विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(ज) कृषिको विकास सम्बन्धी पूर्वाधार तथा सेवा,

(झ) अन्य कुनै पहिचान भएका पूर्वाधार तथा सेवा ।

७. **सार्वजनिक नीजि साझेदारी परियोजना छनौटका आधारहरुः** (१) देहायका आधारमा सार्वजनिक नीजि साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गर्न सकिनेछ :-

(क) गाँउपालिकाले त्यस्तो परियोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भएको वा नभएको,

(घ) गाँउपालिका र नीजि निकाय बीच जोखिम तथा लाभको उचित ढङ्गमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक नीजि साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक नीजि साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुरा ध्यान दिनु पर्नेछ :-

(क) परियोजनाको उद्देश्य पुरा हुने उपयुक्त स्वरुप भएको,

(ख) परियोजनाको लागि नीजि क्षेत्रको साधन श्रोत उपलब्ध भएको,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, संचालन तथा मर्मत संभारमा नीजि क्षेत्रले बहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ड) "समिति" भन्नाले सार्वजनिक नीजि साझेदारी इकाईको प्रवर्द्धन समितिलाई जनाउँदछ ।

(ढ) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयनको लागि गरिने सर्वेक्षण सम्झनुपर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिङ्ग डिजाइन कार्य र त्यसका लागि गरिने अन्वेषण समेतलाई जनाउदँछ ।

(ण) "सार्वजनिक नीजि साझेदारी" भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, संचालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्णरुपमा नीजि क्षेत्रलाई संलग्न गराउने गरी तथा पूर्ण वा आंशिकरुपले आम्दानीको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकाय तथा नीजि संस्था बीच भएको करारीय प्रबन्धलाई जनाउँदछ ।

(त) "शुल्क" भन्नाले अनुमतीपत्र प्राप्त गर्ने व्यक्तिले सेवा उपलब्ध गराए वापत उपभोक्तासंग लिन पाउने सेवा शुल्कलाई जनाउँदछ ।

(थ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिमलाई जनाउँदछ ।

(द) "संस्था"भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भएका संस्था, टोल विकास संस्था र सहकारी एवं कम्पनी समेतलाई जनाउँदछ ।

## परिच्छेद - २

## परियोजना पहिचान तथा स्वीकृती

**३. सार्वजनिक नीजि लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने:** (१) पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक नीजि साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक नीजि साझेदारी परियोजनामा देहायका विषय समावेश हुनुपर्नेछ:-

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि नीजि निकायको पूर्ण वा आंशिक पुँजी लगानी भएको,

(ख) नीजि निकायलाई पूर्वाधार वा सेवाको संचालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा संचालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) नीजि निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसंग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) परियोजनाको सम्झौता अवधी स्पष्ट भएको ।

**४. सार्वजनिक नीजि साझेदारीका ढाँचाहरु:** (१) दफा ३ को अधीनमा रही सार्वजनिक नीजि साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुनेछ :-

(क) संचालन पूँजी बाहेक नीजि लगानी आवश्यक नपर्ने प्रकृतिको संचालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय नीजि पूँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण करार, (२) उपदफा (१) (क) र (ख) मा उल्लेखित करारका अन्य स्वरुपहरु ।

**५. परियोजना पहिचान गर्ने:** (१) लिखुपीके गाँउपालिकाले आफ्नो गाँउपालिका अन्तर्गत सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजनाको विवरण राख्दा गाँउपालिकाले सर्वेक्षण भएका र नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

छ. लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

ज. गाउँपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

झ. परियोजना सम्झौताको अवधि उल्लेख भएको,

ञ. जटिल प्रकृतिका सार्वजनिक नीजि साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको

ट. वातावरण तथा पर्यावरणीय दृष्टिले अनुकुल रहेको ।

८. परियोजना स्वीकृत गराउनु पर्ने : गाँउपालिकाले कुनै परियोजना सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा त्यसको आवश्यकता र औचित्यता तथा अन्य आवश्यक विवरण खुलाई समितिको परामर्श लिएर गाँउकार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

९. **सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन नगरिने परियोजना** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका परियोजना सार्वजनिक नीजि साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन :-

क. परियोजना सम्बन्धी वित्तीय, प्राविधिक र संचालन सम्बन्धी जोखिम नीजि क्षेत्रलाई हस्तान्तरण नगरी नीजि क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट संचालन हुने,

ख. सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

ग. गाँउपालिकाको निर्णयले गाँउपालिकाको स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

घ. सार्वजनिक कार्यको लागि नीजि निकायबाट प्रदान गरिएको दान, चन्दा

वा उपहार प्राप्त हुने,

ङ. सार्वजनिक हितका दृष्टिले सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्न नहुने ।

१०. मनसायपत्र आव्हान गर्न सक्ने: (१) गाँउपालिकाले दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुरा खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसाय पत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधि भित्र गाँउपालिका समक्ष मनसाय पत्र पेश गर्नु पर्नेछ :-

क. मनसायपत्र पेश गर्ने व्यक्तिको नाम र ठेगाना,

ख. मनसायपत्र पेश गर्ने व्यक्तिको परियोजना कार्यान्वयन गर्न सक्ने स्पष्ट आर्थिक तथा प्राविधिक आधार,

ग. पूर्वाधार संरचना निर्माण तथा संचालन सम्बन्धी अनुभव,

घ. तोकिए बमोजिम अन्य विवरण ।

११. संक्षिप्त सूची तयार गर्ने: गाँउपालिकाले मनसायपत्र प्राप्त भएको मितिले एक महिना भित्र मनसाय पत्र पेश गर्ने व्यक्तिहरु मध्ये छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

१२. प्रस्ताव आव्हान गर्न सक्ने : (१) गाँउपालिकाले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरण खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधि भित्र समिति समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ :

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको प्रारम्भिक इन्जिनियरिङ्ग प्रारुप,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको प्रस्तावित वित्तीय श्रोत,

(ङ) परियोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन सम्वन्धी विवरण,

(छ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यूनीकरणका लागि प्रस्तावित उपायहरु,

(ज) परियोजना कार्यान्वयन सम्वन्धी प्रक्रिया,

(झ) परियोजना निर्माण सम्पन्न अवधि,

(ञ) तोकिए बमोजिमका अन्य विवरण ।

**१३. सोझै प्रस्ताव आह्वान गर्न सक्ने :** (१) दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पहिला नै सर्वेक्षण अध्ययन वा गाउँपालिकाले तोकेको भन्दा कम लागतको परियोजना भए दफा ११ बमोजिमको सूचिमा परेको परियोजना पेश गर्ने प्रस्तावकबाट परियोजना कार्यान्वयन गर्ने सम्वन्धमा गाउँपालिकाले तोकेको विवरण खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएको विवरण खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधि भित्र गाउँपालिका समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

**१४. प्रस्ताव छनौट गर्ने:** (१) दफा १२ र १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि समितिले प्रस्ताव प्राप्त भएको मितिले बढिमा साठी दिन भित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) गाउँपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्क,

(च) परियोजना निर्माण सम्पन्न हुने अवधि,

(छ) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार प्रस्ताव पेश गर्नु अघि समितिले प्रस्तावकलाई उपलब्ध गराउनेछ ।

**१५. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्तिमा तीन पटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव प्राप्त हुन नसकेको परियोजना गाउँपालिकाले वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न सम्भव हुने भनी समितिले स्वीकृती दिएमा देहायको परिस्थितिमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त हुने देखिएको ।

(३) उपदफा (२) बमोजिम कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको विवरण खुलाई गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा गाउँपालिकाले निवेदकसंग वार्ता गरी परियोजना कार्यान्वयन गराउन सक्नेछ।

(५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा गाउँपालिकाले निवेदकसंग दफा १८ बमोजिम र अन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

१६. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा गाँउपालिकाले समितिसंग परामर्श गरी निवेदकसंग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गराउन अनुमती दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयम्ले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च परियोजना कार्यान्वियनका लागि छनौट भएको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

१७. **सभ्रेदारी गर्न सक्ने:** दफा १४ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १५ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा गाँउपालिकाले प्रस्तावकसंग परियोजना कार्यान्वयन गर्ने सम्वन्धमा सभ्रेदारी गर्न सक्नेछ ।

तर परियोजनाको प्रकृति हेरी गाँउपालिकाले प्रस्तावकसंग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

१८. **परियोजनाको विवरण पेश गर्ने:** (१) दफा १७ बमोजिम समभ्रदारी वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो सम्झौतामा उल्लेखित समयावधी भित्र र समभ्रदारी वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृती हेरी छ महिनामा नवढ्ने गरी गाँउपालिकाले तोकेको समयावधी भित्र प्रस्तावकले परियोजना कार्यान्वियन सम्वन्धी देहायको विवरणहरु गाँउपालिकामा पेश गर्नु पर्नेछ

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) परियोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन,

(घ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(ङ) परियोजना चरणबद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) परियोजना कार्यान्वयन प्रक्रिया वा तरिका,

(छ) परियोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) परियोजना कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) परियोजना कार्यान्वयन गर्दा उपभोक्ता संग लिइने प्रस्तावित शुल्क,

(ञ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसंग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ट) परियोजना संचालन गर्दा गाँउपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी,

(ठ) लगानीका सम्भाव्य श्रोत सम्बन्धी विवरण,

(ढ) परियोजना कार्यान्वयन हुने क्षेत्र सम्बन्धी विवरण,

(ण) परियोजना कार्यान्वयनका सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि

(त) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र विवरण पेश गर्न नसक्ने कारण देखाई प्रस्तावकले गाँउपालिकामा दिएको निवेदन जाँचबुझ गर्दा कारण मनासिव देखिएमा गाँउपालिकाले कुनै खास परियोजनाको हकमा सम्झौता भएपछि सो विवरण पेश गर्न स्वीकृती दिन सक्नेछ।

**१९. रद्द गर्न सक्ने :** (१) दफा १८ बमोजिमको समयावधी भित्र प्रस्तावकले विवरण पेश नगरेमा वा पेश गरेको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा गाँउपालिकाले त्यसको कारण खुलाई प्रस्तावकसंग भएको समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति वा गाँउपालिकासंग कुनै किसिमको हानी नोक्सानी वापतको क्षतिपुर्ति दाबी गर्न पाउने छैन।

## परिच्छेद - ३

## अनुमति पत्र सम्बन्धी व्यवस्था

**२०. सम्झौता गर्ने :** (१) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमाप्रस्तावकसंग सम्झौता गर्न उपयुक्त देखिएमा गाँउपालिकाले प्रस्तावकसंग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम सम्झौता गर्नुपूर्व गाँउपालिकाले समितिसंग परामर्श गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सम्झौतामा गाँउपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ।

(४) प्रस्तावकले दफा १८ को उपदफा (१) बमोजिमको विवरण गाँउपालिकाले तोकेको अवधिभित्र प्रस्तावकले पेश गर्नु पर्नेछ। सो अवधिभित्र प्रस्तावकले विवरण पेश गर्न नसकेमा प्रस्तावकसंग गरेको सम्झौता स्वत: रद्द भएको मानिनेछ।

**२१. सम्झौतामा खुलाउनु पर्ने विवरण:** सम्झौतामा देहाय बमोजिमका विवरणहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजनाको सुरु हुने र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा संचालन गर्दा अनुमतीपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी विवरण,

(घ) अनुमतीपत्रको अवधि,

(ङ) जोखिम बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापनका लागि गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था,कार्यसम्पादन मुल्याङ्कनका वस्तुगत आधार र मापदण्ड,

(च) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टयाण्डर्ड,

(ज) परियोजना संचालन सम्बन्धी विवरण,

(झ) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(ञ) परियोजना संचालन, हस्तान्तरणका शर्तहरु र मर्मत संभार सम्बन्धी व्यवस्था,

(ट) परियोजना संचालन गर्दा उपभोक्ताहरुसंग लिन पाउने शुल्क सम्बन्धीव्यवस्था,

(ठ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ड) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ढ) गाँउपालिकालाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ण) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(त) परियोजनामा गाँउपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत गाँउपालिकाले प्राप्त गर्ने प्रतिफल,

(थ) अन्य आवश्यक विवरणहरु ।

**२२. कार्यसम्पादन जमानत सम्बन्धी व्यवस्था:** प्रस्तावकले परियोजनाको कुल लागतको पाँच प्रतिशत भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक जमानत सम्झौतामा उल्लेखित समयावधी भित्र गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२३. अनुमती पत्र दिने:** दफा २० बमोजिमको सम्झौता गरेपछि गाँउपालिकाले प्रस्तावकलाई परियोजना कार्यान्वयन गर्न अनुमतीपत्र दिनेछ ।

**२४. रीत पुगेको मानिने:** (१) यस ऐन बमोजिम गाँउपालिकाबाट परियोजना स्वीकृत भई दफा २३ बमोजिम अनुमतीपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतीपत्र प्रचलित नेपाल कानूनमा अन्यथा भएकोमा बाहेक रीत पुऱ्याई जारी गरिएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमती पत्रका शर्तहरु उपर अनुमती पत्र बहाल रहने अवधी भित्र प्रतिकुल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

**२५. अन्य व्यक्तिलाई अनुमती पत्र नदिइने:** परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतीपत्र दिई सकेपछि सम्झौतामा उल्लेख भए बाहेक सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकुल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमती पत्र दिइने छैन ।

**२६. अनुमती पत्रको अवधि:** (१) अनुमतीपत्रको अवधि तीस वर्षमा नबढाई परियोजनाको प्रकृती वा क्षेत्रको आधारमा सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिति परी अनुमती पत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थप लागि अनुमतीपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा गाँउ कार्यपालिकाले समितिको परामर्श लिएर पाँच वर्षसम्म अनुमतीपत्रको अवधि थप गर्न सक्नेछ ।

(३) अनुमतीपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**२७. अनुमती पत्र रद्द गर्न सक्ने:** (१) अनुमतीपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा गाँउपालिकाले अनुमती पत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतीपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतीपत्र रद्द भएमा अनुमतीपत्र प्राप्त व्यक्तिसंग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतीपत्र रद्द भएमा अनुमतीपत्र प्राप्त व्यक्तिले गाँउपालिकासंग कुनै किसिमको दावी गर्न पाउने छैन ।

**२८. रोयल्टी बुझाउनु पर्ने:** रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमती पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित प्रक्रियाबाट गाँउपालिकालाई बुझाउनु पर्नेछ ।

**२९. परियोजना हस्तान्तरण गर्नु पर्ने:** (१) अनुमतीपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम गाँउपालिकालाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिम क्षमता, अवस्था र चालु हालतमा हुनु पर्नेछ ।

**३०. गाँउपालिकाको स्वामित्व हुने:** दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सो संग सम्बन्धित घर, जग्गा तथा उपकरणको स्वामित्व गाँउपालिकाको हुनेछ ।

## परिच्छेद - ४

## अनुमती पत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

**३१. शुल्क उठाउन पाउने:** अनुमती पत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासंग तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ ।

**३२. घर, जग्गा आदिमा प्रवेश गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमति प्राप्त व्यक्ति कुनै घर, जग्गा, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाँप नक्सा गर्न, माटो लगायत अन्य प्राकृतिक साधनको परीक्षण गर्न आवश्यकता अनुसारका उपकरण जडान तथा प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउन सम्बन्धित धनीलाई अग्रिम सूचना दिई त्यस्ता घर, जग्गा आदीमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर, जग्गामा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्नवाली वा हुर्केको रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकवार, पर्खाल, कुनै मेशिनरी, औजार हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिव क्षतिपुर्ति अनुमतीपत्र प्राप्त व्यक्तिले सम्बन्धित धनीलाई दिई सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर, जग्गामा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितीमा प्रवेश गर्नु पर्नेछ ।

**३३. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनास्थल र त्यसको निश्चित दुरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण कार्य गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमती पत्र प्राप्त व्यक्तिले गाँउपालिकामा निवेदन दिएमा निवेदनको व्यहोरा मनासिव देखिएमा गाँउपालिकाले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण कार्य गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानी नोक्सानी वापतको क्षतिपुर्ति अनुमतीपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपुर्ति निर्धारण गर्नको लागि स्थानीयउपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपुर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानी नोक्सानीको मुल्याङ्कन गरी क्षतिपुर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपुर्ति रकममा चित्त नबुझ्नेव्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर तीन महिनाभित्र समितिले निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ । चित्त नबुझेमा ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्नुपर्नेछ ।

**३४. घर जग्गा उपलब्ध गराई दिने:** (१) अनुमतीपत्र प्राप्त व्यक्तिले परियोजनाकार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा गाँउपालिकाको स्वामित्वमा रहेको भए लिजमा लिई वा अन्य रुपमा प्राप्त गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमतीपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम घर जग्गा व्यवस्था गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा गाँउपालिकाले अनुमतीपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपुर्ति सम्बन्धित अनुमतीपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिकाको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा गाँउपालिकाले त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

**३५. परियोजनाको सुरक्षा गर्न सक्ने:** (१) परियोजनाको सुरक्षा अनुमतीपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतीपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको लागि खास किसिमको सुरक्षा व्यवस्थाका लागि गाँउपालिकासँग अनुरोध गरेमा सो वापत लाग्ने खर्च अनुमतीपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न गाँउपालिकाले प्रदेश वा संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

**३६. सहयोग उपलब्ध गराउनु पर्ने:** (१) गाँउपालिकाले अनुमतीपत्र प्राप्त व्यक्तिलाई परियोजना कार्यान्वयन गर्ने सिलसिलामा उपलब्ध गराउनु पर्ने सहयोग, दिनुपर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लेखित प्रक्रिया र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतीपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो वापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतीपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी गाँउपालिका आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराईदिन लेखी पठाउन सक्नेछ ।

**३७. विदेशी विनिमयको सुविधा:** परियोजना कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतीपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा व्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा उपलब्ध गराईदिन गाँउपालिकाले संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

**३८. विष्फोटक पदार्थको प्रयोग:** (१) परियोजना कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा अनुमती पत्र प्राप्त व्यक्तिले गाँउपालिकालाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्न आएमा गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार वा सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ ।

**३९. कानून बमोजिमको सुविधा पाउने** : यस ऐन बमोजिम अनुमतीपत्र प्राप्त गरी संचालन भएको परियोजनाले यस ऐन बमोजिम पाउने सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

**४०. सेवा सुविधाका शर्त तोक्ने:** (१) अनुमतीपत्र प्राप्त व्यक्तिले यस ऐन वा सम्झौताको अधिनमा रही उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्त विपरित हुने गरी उपभोक्ताले सेवासुविधा उपभोग गर्न पाउने छैन ।

**परिच्छेद - ५**

**लगानी सम्बन्धी व्यवस्था**

**४१. अनुमतीपत्र प्राप्त व्यक्तिले लगानी गर्नु पर्ने:** (१) सम्झौतामा अन्य व्यवस्था भएको बाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमती पत्र प्राप्त व्यक्तिले गर्नु पर्नेछ ।

(२) अनुमतीपत्र प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिदाँ गाँउपालिकाको स्वीकृती लिनु पर्नेछ ।

**४२. संयूक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिकाले सम्झौतामा उल्लेख भए बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपूँजीमा हिस्सेदारी गरेर वा अन्य रुपमा संयूक्त लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने नीजि क्षेत्रले गाँउपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ।

**४३. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने:** (१) अनुमतीपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसंग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतीपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपी गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**४४. भुक्तानी सम्झौता गर्न सक्ने:** अनुमतीपत्र प्राप्त व्यक्तिले गाँउपालिकालाई हस्तान्तरण गर्ने गरी परियोजना निर्माण गरी वा दफा ३१ बमोजिम शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २० बमोजिम सम्झौता भएकोमा गाँउपालिकाले एकमुष्ठ रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**४५. सम्भाव्यता न्यून परिपुर्ति कोष:** (१) गाँउपालिकाले सम्भाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपुर्ति कोष खडा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा गाँउपालिकाले विनियोजन गरेको रकम जम्मा हुनेछ । (३) उपदफा (१) बमोजिमको कोषबाट परियोजनालाई सम्भाव्य बनाउन आवश्यक रकम मात्र अनुदान दिइनेछ ।

(४) सम्भाव्यता न्यून परिपुर्ति कोष तथा सोको संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद - ६**

**समितिको गठन सम्बन्धी व्यवस्था**

**४६. समितिको गठन:** (१) पूर्वाधार विकास र निर्माणमा सार्वजनिक नीजि साझेदारी तथा नीजि लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको सार्वजनिक नीजि साझेदारी इकाई प्रवर्द्धन समिति गठन हुनेछ ।

(क) गाँउपालिकाको अध्यक्ष : अध्यक्ष

(ख) गाँउपालिका उपाध्यक्ष : उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत :सदस्य

(घ) पूर्वाधार विकास र आर्थिक विकास समितिका संयोजकहरु : सदस्य

(ङ) कार्यपालिकाको महिला सदस्यहरु मध्ये कार्यपालिकाले मनोनयन गरेको एक जना सदस्य :सदस्य

(च) सम्बन्धित वडाको वडाअध्यक्ष :सदस्य

(छ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधी एक जना सदस्य :सदस्य

(ज) सार्वजनिक नीजि साझेदारी बारे विषय विज्ञ एक जना सदस्य : सदस्य

(झ) गाँउपालिका कार्यालयको सार्वजनिक नीजि साझेदारी इकाई प्रमुख सदस्यः सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा परियोजना संचालन हुने क्षेत्रका स्थानीय उपभोक्ता मध्ये महिला समेतको प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना उपभोक्तालाई सो बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**४७. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा समितिको उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४८. परियोजनाको अनुगमन गर्न सक्नेः** (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा एक जना महिला सदस्यलाई अनिवार्य सहभागी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतीपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**४९. परियोजनाको विवरण राख्नु पर्नेः** (१) गाँउपालिकाले समितिको सुझाव लिई दफा (५) बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरेर सोको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा गाँउपालिकाले सर्वेक्षण भएका र नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

**५०. निर्देशन दिन सक्नेः** समितिले परियोजना कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**५१. प्राविधिक समितिः** (१) सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनको लागि गाँउपालिकाले प्रमुख प्रशासकीय अधिकृत वा गाँउपालिमा इन्जिनियरको रुपमा कार्यरत कर्मचारीको अध्यक्षतामा बढीमा पाँच सदस्यीय एक प्राविधिक समिति गठन गर्न सक्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको गाँउपालिकाको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## विविध

**५२. विवादको समाधानः** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा गाँउपालिका र अनुमती पत्र प्राप्त व्यक्ति बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादआपसी समझदारीबाट समाधान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा त्यस्तो विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५३. क्षतिपुर्ति सम्बन्धी व्यवस्थाः** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरित हुने गरी कुनै काम गरे अर्को पक्षलाई हानी नोक्सानी पुगेमा त्यसरी भएको हानी नोक्सानी वापतको मनासिव रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपुर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपुर्ति गाँउपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपुर्ति वापतको रकम हिसाव गरी गाँउपालिकाले अनुमती पत्रको अवधि थप गर्न सक्नेछ ।

**५४. लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने** : (१) गाँउपालिकाले आफ्नो स्वामित्वमा रहेको, वा अधिनमा रहेको कुनै घर वा जग्गा, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना अनुमतिप्राप्त व्यक्तिलाई लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिदाँका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**५५. स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने** : अनुमतीपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय श्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु वा सेवा उपयोग गर्नु पर्नेछ ।

**५६. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने** : प्रस्तावकले पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृती बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**५७. नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाँउ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई जारी गर्नसक्नेछ ।